का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ मंसिर २०८०, बिहीबार
7 December 2023, Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक ३०२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

### ओली योजना
# सडकदेखि सत्ता

गत वर्षको चुनावमा अपेक्षित मत नपाएपछि मिसन–०८४ भनिरहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सडकमा अरु शक्ति नआओस् भन्ने सन्देश दिइरहेका छन्। तर अन्तर्य भने फेरि पनि सत्ता नै हो।



"एमाले मुलुकको निर्विकल्प शक्ति हो भन्ने हामी यो अभियानमा देखाउँछौं । पूरा शक्ति लगाएर जनता सडकमा उतार्छौं ।"


■ डा. भिष्म अधिकारी
केन्द्रीय कार्यालय सचिव

**दिवाकर अधिकारी/मध्यान्ह**
२० मंसिर, काठमाडौं ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेकपा एमाले मध्यपहाडी संकल्प यात्रा गरिरहेको छ । गएको १४ मंसिरमा बैतडीको झुलाघाटबाट सुरु भएको एमाले यात्रा बुधबार गण्डकी प्रदेश आइपुगेको छ । तीन साता चल्ने पुष्पलाल मध्यपहाडी यात्रा पाँचथरको चिवाभञ्ज्याङ पुगेर सकिदैछ ।

यो यात्रा एमालेको वार्षिक कार्यक्रम अन्तर्गत चलिरहेको छ। गत वर्ष मंसिरको चुनावमा अपेक्षित मत नपाएपछि एमालेले मिसन ग्रासरुट चलाएको थियो। त्यो दुई महिने यात्रामा नेताहरुले पार्टी सुदृढीकरण आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरेका थिए ।

त्यही निष्कर्षका आधारमा गत जेठबाट एमाले एक पृष्ठ २ मा



# एनसेल किन्न सरकारलाई सांसदको सुझाव



६ अर्बका शेयर बिक्री भएको भनिएको छ । बरु सरकारले त्यसमा ५० करोड थपिइदियोस् र किनोस् ।

**योगेश भट्टराई**
सचिव, नेकपा एमाले



एनसेल कति नाफामा छ जनतालाई थाहा छैन र ? सरकारले किनेर दियोस् जनताले केही घण्टामै किनिदिन्छन् ।

**हरि ढकाल**
सांसद, रास्वपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

सांसदहरुले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर स्वामित्व खरिद गर्न सरकारलाई सुझाएका छन् । '६ अर्बका शेयर बिक्री भएको भनिएको छ। बरु सरकारले त्यसमा ५० करोड थपिइदियोस् र किनोस्' नेकपा एमालेका सचिव योगेश भट्टराईले बुधबार प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा भने ।

राष्ट्रिय स्पतन्त्र पार्टी (रास्वपा)का सांसद हरि ढकालले पनि एनसेलको शेयर स्वामित्व खरिद गरेर नागरिकका लागि शेयर खोल्न सुझाए । 'एनसेल कति नाफामा छ जनतालाई थाहा छैन र ? सरकारले किनेर दियोस् जनताले केही घण्टामै किनिदिन्छन् ।' सांसद ढकालले समिति बैठकमा भने ।

सरकारले सेय किन्नुपर्ने मतका साथसाथै सांसदहरुले एनसेलको शेयर खरिद बिक्री प्रकरणको सुक्ष्म अनुसन्धान गरी कानूनी दायरामा ल्याउनुपर्नेमा पनि उत्तिकै जोड जोड दिएका छन् ।

एनसेलले आफ्नो ८० प्रतिशत शेयर बेच्दा कर छलि गरेको भन्दै यसको अनुसन्धान गर्नुपर्ने सांसदहरुको भनाई छ ।

बैठकमा बोल्दै जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले नेपालमा आम्दानी गरेर विदेशमा लगेर कम्पनी बेचेको भन्दै यसप्रति सरकारले ध्यान दिनुपर्ने बताए । उनले एनसेलको कारोबार शंकास्पद र जालझेलपूर्ण रहेको बताए ।

'कारोबार नेपालमा गर्ने, आम्दानी नेपालमा गर्ने, अनि बिक्री गरेर विदेशमा लग्ने ? यसको लगाम कसले लगाउने त ? नेपाल सरकारको ध्यान यसमा जानु पर्दैन र ? नेपालमा आम्दानी गरेर विदेशमा बसेर बिक्री, वितरण गर्ने ? दुई महिना पछि प्रेस विज्ञप्तीबाट जानकारी गराउने ? सबै कुरा नै, सबै कारोबार नै शंकास्पद छ । जालझेल छ । प्रपञ्च रचिएको छ । यसमा ठूला-ठूलाहरुको संलग्नता बुझिरहेका छौं' उनले भने । नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह पृष्ठ २ मा

## शेयर बिक्री रोक्न निर्देशन

नियामक निकायका अधिकारीहरुसँगको छलफलपछि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर स्वामित्व खरिद बिक्री प्रक्रियालाई यथास्थितिमा (रोक्न) राख्न सरकारलाई निर्देशन दिएको छ ।

मलेसियाली कम्पनी आजियटाले एनसेलको आफूसँग रहेको शेयर स्वामित्व गैरआवासीय नेपाली सतीशलाल आचार्यको कम्पनीलाई बिक्री गरेको विषय अवास्तविक, अपारदर्शी र पृष्ठ २ मा

**मेनपावर बिक्रीमा**
कुनै पनि उजुर बाजुर नभएको साउदी आइडी भएको मेनपावर बिक्रीमा इच्छुक महानुभवहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्कः
९८५१२२८३९५

VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

| | |
|---|---|
| Manager | 1(M/F) |
| Documentation | 2 (M/F) |
| Office Secretary | 2 (F) |
| Receptionist | 3 (F) |
| P.R.O. | 2 (F) 4 (M) |

VACANT
सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
SALARY Negotiable
01-4960576,4950719
Send us your CV: futurestarmp397@gmail.com
FUTURE STAR MANPOWER PVT. LTD. Govt. Lic. No.: 397/060/061
Future Star Manpower Pvt. Ltd.
Samakushi Town Planning Kathmandu
Contact No: 977 9846784220, 9813916322, 9851100426

## वैदेशिक रोजगार विशेष

# बिचौलिया सलबलाएपछि विभागको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर

वैदेशिक रोजगार विभागले ७२ घण्टाभित्र सेवा दिइने भन्दै श्रम स्वीकृतिका लागि विभागमा उपस्थित नहुन सेवाग्राहीलाई आग्रह गरेको छ । श्रम स्वीकृतिका लागि प्रयोगमा ल्याइएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा लामो समयसम्म समस्या आएका कारणले श्रम स्वीकृतिमा विलम्ब भएपछि विभागमा कामको चाप र सेवाग्राहीको दबाब रहेको छ ।

केही बिचौलियाले विभागमा रहेको कामको चाप र अस्तव्यस्तताको फाइदा उठाउन चलखेल गर्न थालेको बताइएको छ । अनलाइन प्रणालीबाट सहजरुपमा श्रम स्वीकृति पाउने आंकलन गरी जहाजको टिकट लिएर काठमाडौं आएर बस्दा पनि समयमा श्रम स्वीकृति नपाउँदा कतिपय कामदारको कम्पनीले दिने रिटर्न टिकट खेर जाने गरेको छ।

विभागले बुधबार सेवा प्रवाहको ७२ घण्टे प्रतिबद्धता सार्वजनिक गर्दै फेमिसमार्फत अनलाइनबाट घरबाटै सेवा प्राप्त हुने अवस्था रहेकोले उपलब्ध जनशक्तिको आधारमा दैनिक टोकन खुला गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाएकोले कार्यालयमा उपस्थित भएकै कारणले श्रम स्वीकृति नहुने बताएको छ ।

टोकनबाट प्राप्त गरेको मिति र समयबाट प्राविधिक कारणले सम्भव भएसम्म ७२ घण्टा अर्थात तीन दिनभित्र श्रम स्वीकृतिको सेवा दिइने भन्दै विभागले श्रम स्वीकृति नभएसम्म जहाजको टिकट नलिन र कार्यालयमा भौतिकरुपमा उपस्थित नहुन आग्रह गरेको छ ।

## रुस र युक्रेनपछि अवैधरुपमा इजरायल

काठमाडौं/मस- प्रहरीले नेपाली युवालाई रुसी सेनामा भर्ती गराउन सेटिङमार्फत पठाएको आरोपमा १२ जनालाई पक्राउ गरेपछि ठगी धन्दाका विभिन्न आयाम सार्वजनिक भएका छन् । जिल्ला प्रहरी परिसर, काठमाडौंले बुधबार नेपालीलाई भारत, यूएई हुँदै रुससम्म पुऱ्याएको आरोपमा पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै अनुसन्धानको प्रारम्भिक अवस्था बताएको हो । प्रहरीले सुजाता पृष्ठ २ मा

VISIT Malaysia
आन्तरिक तथा बाहिर हवाई टिकेट सस्तो र आकर्षक मुल्यमा




Get your eVISA at Rs.4500/Per Person
TOURIST / WORKING
Authorised by Government of Malaysia for Visa Processing
थप जानकारीको लागि QR Scan गर्नुहोस्
Get Your eVISA MALAYSIA For Malaysia
ARR Travel & Tour Private Limited
www.travelandtour.com.np
info@arrtravelandtour.com.np
Call or Whatsapp -9801362585, 9749465891
+977-5919349
Sinamangal-9,Sinamangal chowk, Kathmandu

**कतारमा नर्सहरूको लागि वैदेशिक रोजगारको अवसर**
कम्पनी : PADRA MEDICAL CENTER    शहर : Qatar,Doha
पूर्व स्वीकृत मिति:२०८०/०६/३०  चलानी नं.:६०२०९१९७  L.T. No.: 294071  पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 13 | सम्बन्धित काममा दक्ष | 4200 | १,५३,३४२ | क.नि. अनूसार | ८ घण्टा | ६ दिन | क.नि. अनूसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० मंसिर २८ गते (14 December 2023) मा हुनेछ ।

Note: Min. 2 To 5 Years Of Experience As Registered Nurse. Age Between 26 To 35.
JOB DISCRIPTION
Assessing patients and gaining their trust. Planning and delivering patients' care.
Monitoring patients' progress. Taking samples, pulses, temperature, And blood pressure.
Monitoring & Administering Medication. Writing Records. Supervising Junior staff.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER
Govt Lic No. 469/060/061
Wahaa Manpowers Supplier Pvt. Ltd.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224

मध्यान्ह
www.madhyanhadaily.com
२१ मंसिर २०८०, बिहीबार
7 December 2023, Thursday

### आरती साह मृत्यु प्रकरण

# श्रीमानलाई थुनामा पठाउन आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर ।

आरती साह मृत्यु प्रकरणमा सर्वोच्च अदालतले उनकी श्रीमान् मोतीबाबु साहको संलग्नता देखाएको छ। अदालतले जनकपुरधामकी साह मृत्यु प्रकरणमा श्रीमान् साहको संलग्नता रहेको भन्दै थुनामा पठाउन आदेश दिएको छ।

न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको इजलासले बुधबार श्रीमानलाई थुनामा पठाउने आदेश दिएको हो।

यसैगरी, आरती साहका ससुरासँग १ लाख रूपैयाँ धरौटी माग गरिएको छ। यसअघि उच्च अदालत जनकपुरले आरती साहका ससुरा र श्रीमानलाई धरौटीमा रिहा गर्ने आदेश दिएको थियो। उनीहरू दुवै जना थुनाबाहिर थिए।

आरती साहको परिवार न्यायको माग गर्दै माइतीघर मण्डलामा धर्नामा बसेको थियो। उनीहरुले मोतीबाबु साहको संलग्नताको आरोप लगाएका थिए। आफ्नै घर जनकपुरधाम उपमहानगरपालिका ९ थापाचोकमा मृत अवस्थामा फेला परेकी आरतीको हत्या भएको भन्दै माइती पक्षले अदालतमा जाहेरी दिएको थियो।

रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'अब निज प्रतिवादीका हकमा पछि बुझिएका प्रमाणबाट ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दाको किनारा नलागेसम्म मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (क) बमोजिम मुद्दाको पुर्पक्षको लागी थुनामा राखी कानुनबमोजिम गर्नु।'




प्रमाणहरूको रोहमा विचार गर्दा आरती साहको मृत्यु प्रतिवादी मोतीबाबु साहको कर्तव्यबाट भएको रहेछ भनी विश्वास गर्नु पर्ने अवस्था देखिएको अदालतको ठहर छ।

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा झुन्डिएर (सम्भावित आत्महत्याको प्रकृति) भनी उल्लेख भएकोमा सोही प्रतिवेदनमा हाइओइड बोन थाइराइड कार्टिलेज इन्ट्याक्ट भनी उल्लेख भएकोबाट झुन्डिएर भन्ने चिकित्सकको राय पछि थप परीक्षणबाट पुष्टि नभएसम्म अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न नसकिने अवस्था रहेको आदेशमा उल्लेख छ।

शव परीक्षण प्रतिवेदनमा सम्भावित आत्महत्याको प्रकृति भनी उल्लेख भएको विषयलाई लिएर नेपाल मेडिकल काउन्सिलबाट छानबिन हुँदा सोही काउन्सिलको च.नं. १४७/०८०/०८४ मिति २०८०/०५/०३ को पत्रबाट त्यस्तो उल्लेखन त्रुटिपूर्ण रहेको भन्ने देखिएको आदेशमा भनिएको छ। 'घटनास्थल मुचुल्काबाट घटना भएको कोठामा भुइँदेखि छतसम्म १० फिट र पलङको सतह देखि सिलिङ फ्यानको उचाइ ७ फिट ५ इन्च रहेको देखिएकोमा मृतकले झुन्डिने प्रयोजनको लागी कुनै टुल, मेच वा अन्य वस्तु प्रयोग गरेको भन्ने पनि देखिँदै,' आदेशमा भनिएको छ। मौकामा कागज गर्ने प्रदीप कुमार साह, शंकर कुमार साह र दिलीप कुमार यादवले पनि मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने ब्यहोरा लेखाएको देखिएको पनि जिकिर गरिएको छ।

# औषधि पसललाई मापदण्डभित्र आउन काठमाडौं महानगरको निर्देशन

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका धेरै औषधि पसल मापदण्ड विपरीत रञ्चालमा रहेको जनाउँदै ती पसललाई मापदण्डमा आउन १० दिनको समय दिएको छ। कामपा स्वास्थ्य विभागले बुधबार सार्वजनिक सूचना जारी गर्दै सो समय दिएको हो।

विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अनधिकृत व्यक्तिबाट औषधि बिक्री वितरण भइरहेको, औषधि व्यवस्था विभागमा दर्ता नभएका औषधिसमेत बिक्री वितरण भइरहेको, चिकित्सकको प्रेस्किप्सनबिना औषधि बिक्री वितरण भइरहेको पाइएकाले आगामी दश दिनभित्रमा सबै औषधिपसललाई




मापदण्डमा आउन निर्देशन गरिएको छ।'

तोकिएको समयसीमापछि पनि 'यस्ता लापरबाही देखिए, भेटिए वा सुधारको संकेत देखिएन भने गलत गर्नेलाई ऐनले दिएको अधिकार प्रयोग गर्दै औषधि पसल बन्द गर्नेसम्मको कारबाही गर्ने कामपा स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले बताए। विभागले औषधि पसलको अनुगमन गर्दा संवेदनशील प्रकारका त्रुटि देखिएका छन्। स्वास्थ्य विभागका प्रमुख पौडेल भने, 'अभिलेख नराख्ने, महानगरपालिकाको स्वास्थ्य विभागबाट इजाजत नलिने, गुड फार्मेसी प्राक्टिस (जिपिपी) अनुसार औषधि पसल व्यवस्थापन नगर्ने आम समस्या हुन्।'

औषधि खरिद गर्दा कुनै किसिमको समस्या परे कामपा स्वाथ्य विभागमा उजुरी गर्न वा टोल फ्री नं १६६००१०५५११ मा सम्पर्क गर्न पनि कामपाले आग्रह गरेको छ। तोकिएको समयपछि कामपा जनस्वास्थ्य ऐन २०८० को दफा २६ (घ) अनुसार स्वास्थ्य विभागबाट अनुगमन गर्ने विभागको योजना छ। पौडेलका अनुसार प्रचलित व्यवस्थाअनुसार अवस्थामा सुधार नगर्नेलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) ९, महानगरपालिका जनस्वास्थ्य ऐन २०८० को दफा ५३ अनुसार कारबाही हुनेछ।

### ओली...

वर्ष विशेष अभियानमा छ। नेताहरुको जिम्मेवारी ब्यापक हेरफेरसहित एक वर्षे अभियानमा रहेको एमालेले जारी संकल्प यात्रालाई सवैभन्दा ठूलो कार्यक्रम भनेको छ।

अध्यक्ष ओलीको नेतृत्वमा केन्द्रबाट खटिएका १५० भन्दा बढी सहभागी टोलीले मध्यपहाडी लोकमार्गमा बनेका नयाँ बजार हरुको अवलोकन, स्थानीयसँग सम्वाद, विकासका संभाव्यता अध्ययन, पर्यटकीय प्रचार लगायत काम गरिरहेको छ। विशेषगरी अभियानमा अध्यक्ष ओलीको सम्बोधनलाई एमालेले प्रचार गरिरहेको छ। ओलीले भने आफ्नो नेतृत्वको सरकारले गरेका कामहरुको प्रचार गरिरहेका छन्।

सँगै, मुलुक अहिले संकटमा रहेको सन्देश ओलीले दिइरहेका छन्। अहिलेको आर्थिक, सामाजिक र राजनीतिक संकटलाई वर्तमान सरकारले थेग्न नसक्ने निष्कर्ष पनि ओलीले सुनाइरहेका छन्। पहाडी भू-भाग खाली हुँदै गएको, युवाहरुले देश छोड्ने क्रम तीव्र रहेको चिन्ता प्रकट गरिरहेका ओलीले समाधानमा भने एमाले देखाइरहेका छन्।

आगामी चुनावबाट एमालेलाई एकल बहुमत दिलाए मुलुकलाई निकास दिने ओलीको निष्कर्ष छ। ओलीकै भाषालाई एमालेका अरु नेताहरुले नक्कल गरिरहेका छन्। 'एमाले मुलुकको निर्विकल्प शक्ति हो भन्ने हामी यो अभियानमा देखाउँछौं। पुरा शक्ति लगाएर जनता सडकमा उताछौं', केन्द्रीय कार्यालय सचिव डा.भिष्म अधिकारीले भने।

तर एमालेको पूर्वतयारी जस्तो यो अभियानमा मात्रै कार्यकर्ता परिचालित छैनन्। बुधबारकै दिन हेर्दा पनि एमाले सन्देश जानेगरी तीन क्षेत्रमा थिए। अध्यक्ष ओली नेतृत्वको संकल्प यात्रामा प्रमुख नेताहरु थिए भने राजधानी उपत्यकामा अनेरास्ववियुले सडक प्रदर्शन गरे। एनसेलमा भएको खरीद-बिक्रीप्रति असन्तुष्टि जनाउँदै अनेरास्ववियुले प्रदर्शन गरेका थिए। एउटा टोली मंसिर पहिलो साताबाटै जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा छन्।

भूकम्पबाट भत्किएका संरचना हटाउने, प्रभावितहरुलाई अस्थायी टहरा बनाउने जस्ता काममा एक हजार बढी स्वयंसेवक परिचालित छन्। भूकम्प प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालित भइरहँदा राष्ट्रिय युवा संघले गत ७ मंसिरमा राजधानीमा जनप्रदर्शन गरेको थियो। उक्त जनप्रर्दशन ब्यापारी दुर्गा प्रसाईं समूहले गरेको राजतन्त्र फर्काउने आन्दोलन विरुद्ध थियो।

अर्थात् सडक कुनैपनि ठाउँ नछोड्ने नीति एमालेले लिएको देखिन्छ। तर त्यसको अन्तर्य भने यो सरकारलाई आगामी चुनाव अथवा त्यस अगाडि नै बिस्थापित गरेर एमाले सरकारमा पुग्ने रहेको प्रष्ट बुझ्न सकिन्छ।

### एनसेल...

केसीले एनसेल प्रकरणमा राजनीतिक व्यक्तिहरुको संलग्नता पनि हुन सक्ने आशंका व्यक्त गरे। उनले छानविन समिति बनाउँदा राजनीतिक रंग पर्न नदिइ न्यायिक आयोग बनाउनुपर्ने र त्यसले छानविन गर्नुपर्ने बताए।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष तथा सांसद राजेन्द्र लिङदेनले एनसेलले नेपालको दूरसञ्चार क्षेत्रलाई नै आफ्नो नियन्त्रणमा राख्न योजनावद्ध ढंगले लागेको भन्दै यसप्रति गम्भिर हुनुपर्ने बताए। छानविन प्रक्रिया अगाडी बढाउनुपर्ने उनको भनाइ छ।

'उसले अर्को के षड्यन्त्र गरिराखेको छ भने टावर कम्पनी खडा गर्ने। त्यो टावर कम्पनीलाई कुनै संयन्त्रले, सरकारी निकायले मान्यता दिने। त्यो टावर पनि बेचिदिने। यो ६ वर्षभित्र टावर त्यो कम्पनीलाई बेचिदिने त्यो कम्पनीपनि आफ्नै मान्छेको हुनेछ। अनि एनसेलसँग ६ वर्षपछि नाम मात्रै हुन्छ। यस प्रकारको योजनावद्ध ढंगले जसरी नेपालको राजश्व, दूरसञ्चार प्रदायकहरुलाई नियन्त्रणमा राख्ने योजनावद्ध ढंगले लागेको छ। हामीले गम्भिरतापूर्वक लिनुपर्छ। छानविन प्रक्रिया अगाडी बढाउनुपर्छ' समिति बैठटकमा उनले भने।

नेकपा(एकीकृत समाजवादी) का सांसद प्रेम आलेले सरकार दह्रो रुपमा प्रश्तुत भएर एनसेल प्रकरणको छानविन गर्नुपर्ने बताए।

नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले एनसेललाई कर नतिरुञ्जेल र बैंकको ऋण नतिरुञ्जेल कुनै निर्णय गर्न दिनु नहुने बताए। उनले एनसेलले शेयर खरिद बिक्रीमा सरकारको अस्तित्वलाई समेत अस्वीकार गरेको भन्दै एनसेलप्रति छानविन हुनुपर्ने बताए।

### सेयर...

अविश्वसनीय देखिएको भन्दै यस सम्बन्धमा विस्तृत अनुसन्धान हुनुपर्ने औंल्याएको छ। विस्तृत अनुसन्धान नहुँदासम्म एनसेलको सेयर खरिदबिक्रीसम्बन्धी कारोबारलाई यथास्थितिमा राख्न (रोक्न) निर्देशन दिएको हो।

'हालै भएको भनिएको प्रत्यक्ष वैदेशिक लगानी अन्तर्गतको एनसेलको ८० प्रतिशत सेयरको खरिद बिक्री वा हक हस्तान्तरणको सम्बन्धमा विस्तृत रुपमा अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने भएकाले अनुसन्धान गरी निष्कर्षमा नपुगुन्जेलको अवधिभरका लागि यस सेयर खरिद बिक्री कारोबारसम्बन्धी कार्यलाई यथास्थितिमा राख्न (रोक्न) तथा यस विषयमा वास्तविकता तथा यथार्थता पहिचान गर्नका लागि ३० दिनभित्र कार्य सम्पादन गर्ने गरी तत्काल स्वतन्त्र अनुसन्धान गर्न गराउन समितिको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ', समितिको बैठकमा भनिएको छ।

लेखा समितिले एनसेलको खरिदबिक्रीबारे ३० दिनभित्र छानबिन गर्न पनि सरकारलाई निर्देशन दिएको छ। त्यस्तै यस विषयमा छलफल गर्न समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई नै बोलाउने निर्णय पनि गरेको छ।

'प्रत्यक्ष वैदेशिक लगानी अन्तर्गतको एनसेल को ८० प्रतिशत सेयरको खरिद बिक्री वा हक हस्तान्तरणको सम्बन्धमा सरकारको थप धारणा र अन्य महत्वपूर्ण समसामयिक विषयमा बुझ्न समितिको आगामी कुनै बैठकमा प्रधानमन्त्रीलाई आमन्त्रण गर्ने', समितिको निर्णयमा भनिएको छ।

### रूस...

दाहाल र ईश्वर अधिकारी प्रकरणका मुख्य व्यक्ति भएको भन्दै उनीहरुमध्ये दाहालको साथबाट २७ र अधिकारीको साथबाट १६ गरी ४३ वटा राहदानीसमेत बरामद गरिएको बताएको छ। प्रहरीले सुजाताका दाजु मुख्य योजनाकार देखिएको भन्दै उनको खोजी भइरहेको बताएको छ।

पक्राउ पर्नेमा वैदेशिक रोजगार व्यवसायीको पृष्ठभूमिका उदयपुरको कटारी नगरपालिका-६ का हरिबहादुर विश्वकर्मा पनि छन्। उनले दुई पटकमा सेना र प्रहरीका बहालवाला र जागिर छोडेका गरी १८ जनालाई रुस पठाएको बयानमा स्वीकारेको प्रहरीको दाबी छ। प्रहरीले बरामद गरिएका ४३ थान राहदानी वाहकहरुलाई आफू पीडित भएको भए सम्पर्क गरिदिन अनुरोध गरेको छ।मंगलबार प्रहरीले बाराका सन्तोष नेपाल, दाङका द्रोण डाँगी, बुढानीलकण्ठ काठमाडौंका क्षितिज गिरी, सिरहाका दिपेन परियार, जोरपाटीका सन्तोष रोका, सिन्धुपाल्चोक, इन्द्रावती गाउँपालिकाका मनिष न्यौपाने, काठमाडौं-१६ का रोजल महर्जन, काभ्रेका सुवास लामा र चितवनका गोकर्ण अर्याललगायतलाई पक्राउ गरेको थियो। बुधबार प्रहरीले उनीहरुलाई सार्वजनिक गरेको हो। रुस पुगेर फर्केका बहालवाला प्रहरीको बयानका आधारमा १२ जना पक्राउ परेका हुन्। प्रहरीले रुसमा नेपाली पठाउने प्रकरणमा अन्य थुप्रै व्यक्ति पक्राउ पर्ने बताएको छ।

उता रुसी सेनामा भर्ती भएका काभ्रेका सिद्धार्थ ढकाललाई युक्रेनी सेनाले नियन्त्रण लिएको भिडियो सार्वजनिक भएको छ। रुसी रक्षा मन्त्रालयले चेतेन्द्र खड्का, युवराज अधिकारी, लालबहादुर विश्वकर्मा, तिलकबहादुर विश्वकर्मा, दीपक खड्का, लक्ष्मण भट्टराई, जगदीश पहाडी, सुशान्तकुमार राहपालसहित ८ जना नेपाली लडाइँको मैदानबाट बेपत्ता भएको बताएको छ। नेपाल सरकारले नेपालीलाई आफ्नो सैनिक सेवामा भर्ती नगर्न, भएका नेपालीलाई तुरुन्तै स्वदेश फर्काउन र मृतकका परिवारलाई क्षतिपूर्ति दिन आग्रह गरिसकेको छ। दाजु नवराज ढकालले आफ्नो भाइ सिद्धार्थ तालिम लिएर युद्ध लड्न रेड जोनमा गएको बताएका छन्।

यता अर्को युद्धग्रस्म मुलुक इजरायलमा पनि गैरकानूनी बाटो हुँदै नेपाली युवाहरु पुग्न थालेका छन्। युद्धका कारणले आप्रवासी कामदार फिर्ता भएपछि इजरायलले त्यहाँको निजी क्षेत्रलाई ९० दिनभित्र विदेशी कामदार ल्याउन सहुलियत दिएपछि भारत, श्रीलंका, थाइल्याण्ड र भियतनामले कामदार पठाएको र दलालहरुले नेपालीलाई थाइल्याण्डबाट पठाउने गरेको बताइएको छ।

नेपालले हमासको आक्रमणपछि बन्द गरेको इजरायलको श्रम स्वीकृति खुलाएको छैन। श्रम स्वीकृति नखुल्दा नयाँसहित बिदामा घर आएका केयरगिभरहरुसमेत जान नपाएको अवस्था छ।

### नक्कली भुटानी शरणार्थी प्रकरण

# खाँणको निवेदनमा मंसिर २८ मा सुनुवाइ



**काठमाडौं/मस–**उच्च अदालत पाटनमा नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वमन्त्री बालकृष्ण खाँणको निवेदनमाथि यही मंसिर २८ गते सुनुवाइ हुने भएको छ।

उक्त अदालतका न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको संयुक्त इजलासमा यही मङ्सिर १५ गते राय बाझी निर्णय सुनाएपछि उक्त विवादलाई तेस्रो न्यायाधीशसमक्ष पेश गरी सुनुवाइ गर्ने तय भएको थियो।

न्यायाधीश पाण्डेले थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश बदर गरी र रु.३० लाख धरौटीमा छाड्ने राय दिएका थिए भने न्यायाधीश खरेलले धरौटीमा छाड्न नमिल्ने राय दिएका थिए।

उच्च अदालत पाटनका प्रवक्ता तीर्थराज भट्टराईका अनुसार पूर्वमन्त्री खाँणको मुद्दामा दुई न्यायाधीशको राय बाझिएपछि निवेदन तेस्रो न्यायाधीशको इजलासमा पठाउने आदेशअनुसार यही मंसिर २८ गते एकल इजलासमा सुनुवाइ गर्ने तय भएको छ।

अदालतले उक्त विवादमा नौजना प्रतिवादीको हकमा थुनामा पठाउने काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गरेको थियो भने छ जना प्रतिवादीको हकमा थुनामै राख्ने काठमाडौं जिल्ला अदालतको आदेश बदर गरी धरौटी माग गर्ने आदेश दिएको थियो।

त्यसैगरी, लक्ष्मी महर्जन, आशिष बुढाथोकी, टंककुमार गुरुङ र केशव तुलाधरलाई साधारण तारेखमै थुनामुक्त गर्ने आदेश गरेको थियो।

# वीर अस्पतालमा ब्रेन ट्युमर विशेषज्ञ क्लिनिक सेवा सञ्चालन

**काठमाडौं/मस–** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)मा न्यूरो सर्जरी विभाग अन्तर्गतको ब्रेन ट्युमर विशेषज्ञ क्लिनिक सेवा सुचारु गरिएको छ। अस्पतालका निमित्त निर्देशक डा.श्रवणकुमार थापाले बुधबारबाट वीरको राष्ट्रिय ब्रेन ट्युमर केन्द्रमार्फत विशेषज्ञ क्लिनिक सेवा शुरु गरिएको बताए।

ब्रेन ट्युमर विशेषज्ञ क्लिनिक सेवा हप्ताको दुई दिन आइतबार र बुधबार सञ्चालन हुनेछ। उक्त सेवा विहान १० बजेदेखि १ बजेसम्म बहिरंग विभागमा सञ्चालन हुनेछ। यस्तै, राष्ट्रिय न्यूरो स्पाइन केन्द्रमार्फत न्यूरो स्पाइन (मेरुदण्ड)




क्लिनिक सेवा पनि सुरु भएको छ। उक्त सेवा पनि साताको दुई दिन आइतबार र बुधबार बिहान १० बजेदेखि १ बजेसम्म दिइने उनले बताए। यी सेवाबाट टाउकोको ट्युमर र मेरुदण्ड दुखाइलगायतका रोगबाट पीडित बिरामीले राहत पाउने अपेक्षा अस्पतालको छ।

# हुम्लामा खाद्यान्न अभाव



**हुम्ला/मस–**समयमै ढुवानी नहुँदा हिमाली जिल्ला हुम्लामा खाद्यन्न अभाव देखिएको छ। ढुवानीको जिम्मा पाएका सप्लायर्स कम्पनी र खाद्य व्यवस्था तथा व्यापार कम्पनीको लापारबाहीका कारण यहाँ खाद्यान्न अभाव भएको हो।

लिमिटेडको सिमकोट शाखामा दुई महिना यतादेखि खाद्यान्न अभाव हुँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा हुम्लाका लागि १४ हजार क्विन्टल चामल स्वीकृत गरिए पनि हालसम्म ढुवानी हुन नसक्दा यहाँको गोदाम रित्तिएको छ।

स्थलमार्गबाट चार हजार क्विन्टल र हवाई मार्गबाट १० हजार क्विन्टल ढुवानीका लागि सम्झौता भए पनि सप्लायर्सहरूले समयमै ढुवानी गर्न नसकेको सिमकोट शाखा प्रमुख कृष्ण अधिकारीले बताए। स्थलमार्गबाट तीन हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको एलबी सप्लायर्सले अहिलेसम्म ढुवानी गरेको छैन। एक हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको चाङला ढुवानी सेवाले एक सय ४८ क्विन्टल मात्रै उठाएको छ। साउनमा ढुवानीका लागि बोलपत्र आह्वान गरेर भदौदेखि ढुवानी हुनुपर्ने खाद्यान्न हालसम्म सप्लायर्सले ढुवानी गर्न सकेका छैन। लिमिटेडले भदौ महिनामा मात्र ढुवानीका लागि बोलपत्र आह्वान गरेको थियो। हाल गोदामा रहेको कम परिमाणको खाद्यान्न पनि बिक्री गर्न सक्ने अवस्थामा नरहेको उनले जानकारी दिए।

खाद्यान्न ढुवानी नहुँदा र नागरिकलाई वितरण गर्न नसक्दा आफूलाई रातभर निद्रासमेत नलाग्ने गरेको उहाँले बताउनुभयो। यहाँ एक पटक खाद्यान्न सर्वसाधारण, बजारवासी र कर्मचारीलाई बिक्री तथा वितरण गर्दा दुई हजार पाँच सय क्विन्टल आवश्यक पर्छ। भैपरी आउने कार्य जन्म, मृत्यु र कैदीबन्दीलाई पनि अब चाँडै ढुवानी नभए वितरण गर्न नसकिने अवस्था छ। अहिले ढुवानीका लागि सप्लायर्स सिम्रिक एयरको हेलिकोप्टर छनोट भएर सम्झौता मात्र भएको तर उक्त एयरलाइन्सले खाद्यान्न बुझेर ढुवानी गर्ने काम अगाडि नबढाएका कारण जिल्लामा खाद्यान्न समस्या देखिएको हो। सिम्रिक एयर हेलिकोप्टर लिमिटेडले हवाई मार्गबाट १० हजार क्विन्टल चामल ढुवानी गर्ने जिम्मा पाएको छ। सिमकोट शाखाका लागि सुर्खेतबाट छ हजार क्विन्टल र नेपालगञ्जदेखि सिमकोटसम्म चार हजार क्विन्टल गरी १० हजार क्विन्टल चामल ढुवानी गर्ने जिम्मा पाएको हो। नेपालगञ्जबाट सिमकोटका लागि प्रतिकेजी रु एक सय ४३ र सुर्खेतबाट सिमकोटका लागि प्रतिकेजी एक रु सय ३७ रुपैयाँका दरले सम्झौता भएको थियो।

हालसम्म राष्ट्रिय सडक सञ्जालले छुन नसकेको हुम्लाको सदरमुकाम सिमकोट शाखामा पुग्नुपर्ने चामल सिम्रिक एयरले ढुवानी नगर्दा नेपागलञ्ज र सुर्खेतमै थन्किएका छन्।

यसैगरी स्थलमार्गबाट तीन हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको एलबी सप्लायर्सका प्रोपाइटर लोकेन्द्र भण्डारीले अहिलेसम्म ढुवानीमा चासो देखाएका छैनन। स्थलमार्गबाटै एक हजार क्विन्टल चामल ढुवानी गर्नुपर्ने चाङला ढुवानी सेवाले पनि हालसम्म खाद्यान्न ढुवानी गरेको छैन। स्थलमार्गबाट नेपालगञ्ज हुँदै हुम्लाको सिमकोटसम्म प्रतिकेजी ४० रुपैयाँ ६८ पैसा, सुर्खेतबाट स्थलमार्ग हुँदै सिमकोटसम्म रु ३९, धनगढीदेखि सिमकोटसम्म ४२ रुपैयाँ ९४ पैसा र राजापुर बर्दियादेखि सिमकोटसम्म ४१ रुपैयाँ ८१ पैसामा ढुवानी गर्न सम्झौता गरेको पाइएको छ।

# ‘सेवालाई परिणाममुखी बनाउन कार्यपद्धतिमै सुधार जरुरी’



**ललितपुर/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारको ध्यान नागरिकले पाउने सेवालाई परिणाममुखी बनाउने गरी समग्र शासकीय प्रणाली नै सुधार गर्नेमा रहेको बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार ललितपुरमा आयोजना गरेको ‘नेपालको अर्थतन्त्र र शासकीय सुधार’ विषयक अन्तरक्रियामा प्रधानमन्त्री दाहालले शासकीय सुधार गरेर समग्र कार्यपद्धतिमै परिवर्तन ल्याउन जरुरी रहेको धारणा राखेका हुन् ।

‘साना साना कामहरुमा सुधार गरेर ठूला लक्ष्यलाई सहयोग पुग्नेगरी काम गर्न जरुरी छ । हामीले तत्काल जनतालाई सेवा प्रवाह गर्नेमा सुधार गर्नु जरुरी छ । जनताले यो वाद र त्यो वादभन्दा पनि सेवा प्रवाहमा सुधारको अपेक्षा राख्छन् । जनताले प्रत्यक्ष रुपमा सेवा प्रवाहको अनुभूत गरेन भने राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रप्रति पनि भरोसा कमजोर हुँदै जान्छ’, प्रधानमन्त्री दाहालले भने ।

उनले तत्काल सेवा प्रवाह गर्ने कुरालाई केन्द्रित गरेर जनतालाई सेवा दिन सकिने गरी विद्यमान प्रणालीमा सुधारका लागि लाग्न पनि कर्मचारी संयन्त्रलाई आह्वान गरे । प्रधानमन्त्री दाहालले अरू देशका भन्दा हाम्रा कर्माचारी सक्षम छन् भन्ने लागेको भए पनि परिणाम निकाल्न नसकिरहेको अवस्था विद्यमान रहेको स्पष्ट गरे । उनले भने, ‘हामीले गर्न खोजिरहेका छौँ, गरिरहेका पनि छौँ तर हाम्रा कामबाट जनताले लाभ लिन सकिरहेका छैनन्, हाम्रो कार्यप्रणालीप्रति जनताको गुनासो छ । धेरै कुराको ‘ग्याप’ छ त्यसलाई समाधान गर्नेतर्फ यो अन्तरक्रिया कार्यक्रम केन्द्रित हुनेछ भन्ने विश्वास छ ।’

मुलुकको कर्मचारीतन्त्रप्रति जनताको भरोसा रहेकाले नै सानासाना कुरामा परिवर्तनको महसुस गरेर सेवा प्रवाहबाट नागरिकले सन्तुष्टि लिनसक्नुपर्ने प्रधानमन्त्री दाहालले बताए ।

१५औं योजनाको समीक्षा गरेर १६ औं योजनाको तयारीमा रहेको अवस्थामा गरिएको यो अन्तरक्रिया महत्वपूर्ण हुने धारणा उनले राखे । सरकारले प्रयास गरेअनुसार जनता सन्तुष्ट हुनेगरी काम भएको छैन भन्दै प्रधानमन्त्री दाहालले सेवा प्रवाह जनतालाई सन्तुष्ट पार्ने तहसम्म पुऱ्याउन सक्नुपर्नेमा जोड दिए ।

उनले आफूले पनि राष्ट्रको इज्जत प्रतिष्ठा बढाउने र नयाँ गतिमा लैजाने प्रयास गरेको धारणा राखे । अन्तरक्रियामा मन्त्रीहरु, मुख्यसचिव, नेपाल सरकारका सचिवहरु, नेपाल राष्ट्र बैंकका गभर्नरलगायत नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकारीहरुको सहभागिता रहेको छ ।

# गृहमन्त्री श्रेष्ठको मुटुमा एन्जियोप्लास्टी सर्जरी



**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको मुटुमा एन्जियोप्लास्टी सर्जरी गरिएको छ । मंगलबार राति १२ बजे गृहमन्त्री श्रेष्ठको मुटुमा सर्जरी गरिएको हो ।

मुटुमा समस्या देखिएपछि मंगलबारराति साढे ११ बजे श्रेष्ठलाई गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र बाँसबारीमा भर्ना गरिएको थियो । गृहमन्त्रीको सचिवालयका अनुसार उनको मुटुमा मंगलबार राति ९ बजेदेखि सामान्य दुखाइ शुरु भएको थियो । त्यसलगत्तै उनका निजि चिकित्सक डा. सुरज बज्राचार्यले सहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका डाक्टर अरुण मास्केसँग सलाह गरेका थिए । त्यस लगत्तै उनलाई अस्पताल लगिएको थियो । हटअट्याकको अवस्था आउनुभन्दा पहिला नै उनको उपचार भएको डा.बज्राचार्यले बताए । उनको मुटुको धमनिमा अवरोध देखिएकाले एन्जियोप्लास्टी सर्जरी गरेर धमनी खुलाइएको छ ।

डा.अरुण मास्केसहितको चिकित्सक टोलीले गृहमन्त्री श्रेष्ठको एन्जियोप्लास्टी सर्जरी गरेको हो । उनको अवस्था हाल सामान्य रहेको सचिवालयले जनाएको छ ।

श्रेष्ठ अब केही दिन अस्पतालमै बस्ने सचिवालयले जनाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार बिहान अस्पतालमै पुगेर गृहमन्त्री श्रेष्ठको स्वास्थ्य अवस्थाको विषयमा जानकारी लिएका थिए ।

# बहुवर्षीय आयोजनाको ठेक्कासम्बन्धी मापदण्ड स्वीकृत

**मकवानपुर/मस–** बागमती प्रदेश मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले प्रदेशको बहुवर्षीय आयोजनाको ठेक्कासम्बन्धी मापदण्ड २०८० लाई स्वीकृत गरेको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अध्यक्षतामा बसेको बैठकले सामाजिक विकास मन्त्रालयको एक र स्वास्थ्य मन्त्रालयको चार गरी पाँच जना दशौं तहका अधिकृतलाई एघारौं तहमा बढुवा गर्ने निर्णय गरेको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको सचिव पदमा दीपक सुवेदी नियुक्त भएका छन् । एघारौं तहमा बढुवा हुनेमा दीपक सुवेदी, दीपक तिवारी, वसन्त अधिकारी, अर्जुन सापकोटा र नरेन्द्र झा रहेको प्रदेशका उद्योग वाणिज्य भूमि प्रशासन मन्त्री रामकृष्ण चित्रकारले जानकारी दिए । एघारौं तहमा बढुवा हुनुभएका सुवेदीलाई प्रदेश शिक्षा निर्देशानलयको निर्देशकमा नियुक्ति गरिएको र उनलाई सोही कार्यालयमा पदस्थापन पनि गरिएको मन्त्री चित्रकारले जानकारी दिए ।

# प्रधानसेनापतिसँग अमेरिकी अधिकारी लाउबाचरको शिष्टाचार भेट



काठमाडौं/मस- प्रधानसेनापति प्रभुराम शर्मासँग नेपाल भ्रमणमा रहेकी संयुक्त राज्य अमेरिकी राष्ट्रिय सुरक्षा परिषदकी वरिष्ठ निर्देशक रियर एडमिरल इलिन लाउबाचरले शिष्टाचार भेट गरेकी छन् । प्रधानसेनापतिको कार्यकक्षमा भएको उक्त भेटघाटमा दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको जंगी अड्डाले जनाएको छ । भेटघाटमा नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत डिन आर थम्पसन उपस्थित थिए ।

यस किसिमको भेटघाटले दुई देशबीच रहिआएको सम्बन्ध थप सुमधुर एवं प्रगाढ बनाउन मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ ।

# बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना बनाइँदै




**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २० मंसिर

बझाङको बित्थडचिर गाउँपालिकामा बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना तयार गरिएको छ । गाउँपालिकामा बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजनालाई अन्तिम रुप दिन बुधबार बैठक बसेर सुझाव संकलन गरिएको थियो ।

पालिकामा भइरहेको बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना तयारी पारिएको र उक्त कार्ययोजनालाई अन्तिम रुपमा दिन पालिकाका वर्तमान, निवर्तमान जनप्रतिनिधि, धार्मिक अगुवा, सहजकर्ता किशोर किशोरी, शिक्षक, बुद्धिजीवी सुरक्षाकर्मी र पत्रकारबाट सुझाव सल्लाह संकलन गरिएको पिसविन नेपालका परियोजना अधिकृत राजेन्द्र बहादुर सिंहले जानकारी दिए ।

बित्थडचिर गाउँपालिकाको आयोजना तथा संयुक्त राष्ट्र संघीय जनसंख्या कोषको आर्थिक सहयोगमा भिएसओ र पिसविन नेपालको साझेदारीमा भएको कार्यक्रममा कार्ययोजनामाथि सुझाव दिइएको थियो ।

बित्थडचिर गाउँपालिकामा भइरहेको बालविवाह लैंगिक हिंसा तथा हानिकारक मूल्य मान्यताहरूलाई निरुत्साहित गर्नका लागि बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गरिएको पिसविनका प्रतिनिधि हर्कबहादुर धामीले बताए ।

त्यस्तै नेपाल सरकारको नीति अनुसार २० वर्ष भएपछि मात्रै विवाह गर्न प्रेरित गर्नका लागि समेत कार्यक्रम सञ्चालन गरिएको बताइएको छ । गाउँपालिका उपाध्यक्ष धनलक्ष्मी सिंह मल्लको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मल्ल, प्रमुख प्रशासकीय अधिकृत बोगटी, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, निवर्तमान उपाध्यक्ष जानकी बोहरा अन्य निवर्तमान जनप्रतिनिधि, भिएसओ प्रतिनिधि रत्ना श्रेष्ठ, राज कार्की , पिसविन कार्यक्रम संयोजक जुद्व रावल, धार्मिक अगुवा, सहजकर्ता किशोर किशोरी, शिक्षक बुद्धिजीवी सुरक्षाकर्मी, परामर्शदाता देवीलाल उपाध्याय लगायतको उपस्थिति रहेको थियो ।

बैठकबाट संकलित सुझावसल्लाहसहित तयार पारिएको बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजनालाई गाउँपालिकामा बुझाइने र त्यसपछि गाउँसभाबाट कार्ययोजना पारित गरिने समेत पिसविन प्रतिनिधि धामीले बताए ।

# कबाडी गोदाममा आगलागी, दुई जनाको मृत्यु



**काठमाडौं/मस–** विराटनगर-७ स्थित सातघुम्तीमा रहेको कबाडी गोदाममा बुधबार दिउँसो आगलागी हुँदा दुई जनाको मृत्यु छ भने चार जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जनकुमार दाहालका अनुसार मृत्यु हुनेमा कबाडी धनी विराटनगर-६ निवासी ४० वर्षीय दीपक मण्डल र प्रारम्भिकरूपमा पहिचान नखुलेका जलेको अवस्थामा एउटा शव घटनास्थलमा भेटिएको छ ।

विराटनगर-६ की ६५ वर्षीया सुशीला पासवान र सोही स्थान बस्ने ६० वर्षीया रिता सरदार गम्भीर घाइते भएका छिन् । विराटनगर-६ का ५८ वर्षीय किशोर पासवान र कटहरी गाउँपालिका ३० वर्षीया पिंकी कामत सामान्य घाइते भएका छन् ।

उनीहरुलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ । थप उपचारका लागि विराटनगर-६ की ६० वर्षीया रीता सरदार, ६५ वर्षीय सुशीला पासवान र किशोर कामत तथा कटहरी गाउँपालिका-६ की ३० वर्षीया पिंकी कामतलाई बुधबार साँझ सेनाको हेलिकोप्टरमार्फत काठमाडौं ल्याइएको मोरङ प्रहरीले जानकारी दिएको छ । उनीहरुलाई किर्तिपुरस्थित बर्न अस्पताल लगिएको छ । घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको बताइएको छ ।

विराटनगरकासहित ६ वटा बारुणयन्त्र, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय जनसमुदायको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो ।

## हल्दीबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**झापा, कोशी प्रदेश, नेपाल**
**हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि**

### हल्दीबारी गाउँपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस गाउँपालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौ ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानका राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- बालश्रमको प्रयोग नगरौ, गाउँपालिकालाई बालश्रममुक्त बनाऔं, सबै बालबालिकालाई विद्यालय पठाऔं।
- सडक छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं । सार्वजनिक स्थलमा छाडा चौपाया छाडौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।

## श्री सुराज माध्यमिक विद्यालय

**ब्रहमपुरी-४, त्रिभुवन नगर, सर्लाही**

### बोलपत्र स्वीकृतिको लागि आशय पत्र जारी गरिएको सूचना

**(सुचना प्रकाशित मिति २०८०/०८/२०)**

यस विद्यालय बाट मिति २०८०/०७/१७ गते प्रकाशित सुचना अनुसार पर्न आएको बोलपत्रहरुको मुल्यांकनबाट सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरु मध्ये न्युनतम अंक कबोल गरेको तपशिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२)को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी को लागि यो ७ (सात)दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र न. | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| SSSS/DP/NCB/ 080/81/01 | २ तल्ले ४ कोठे भवन निर्माण | महारानी माई निर्माण सेवा प्रा.लि. ब्रहमपुरी-०२,सर्लाही | रु.२७,८९,७४२।५३ |

**प्रधानाध्यापक**



## सम्पादकीय

# फेरि पनि भागबण्डा !

आगामी ११ माघमा तोकिएको राष्ट्रियसभा निर्वाचनमा दलहरूले छलफल अगाडि बढाएको छ । विशेषगरी सत्तारूढ घटक दलहरूले उक्त चुनाव केन्द्रित छलफल थालेका हुन् । नेकपा एकीकृत समाजवादीले राष्ट्रियसभा चुनावलाई देखाएर महाधिवेशन नै सारेको छ । १४–१८ माघमा निर्धारित महाधिवेशनलाई एकीकृत समाजवादीले राष्ट्रिय चुनाव लगायत कारण देखाएर जेठमा पुऱ्याएको छ । सँगै, राष्ट्रियसभामा रिक्त हुने मध्ये दुई सिटमा दाबी गर्ने तयारी एकीकृत समाजवादीले गरेको छ । अर्को सत्तारूढ घटक जनता समाजवादी पार्टी (जसपा) ले पनि राष्ट्रियसभा चुनाव केन्द्रित छलफल थालेको छ । संभवतः यो दलले एकीकृत समाजवादी जत्तिकै दाबी गर्नेछ । एकीकृत समाजवादी र जसपा यो सत्ता टिकाउन महत्वपूर्ण शक्ति रहेकाले उनीहरूको दाबी सुन्नुपर्ने अवस्थामा प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड देखिन्छन् ।

जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायत साना दलहरूले पनि भागबण्डामा दाबी गर्ने पक्कापक्की छ । यी दलहरूसँग प्रदेशसभा र स्थानीय तहमा सानो संख्याको उपस्थिति रहेकाले दाबी गर्ने नै भए । यसअघि अत्यन्तै थोरै मत रहेको राष्ट्रिय जनमोर्चाले राष्ट्रियसभामा भागबण्डाबाटै एक सिट जितेको थियो । त्यसैले यसपटक पनि उसको दाबी रहन सक्छ । प्रमुख सत्तारूढ नेपाली कांग्रेस र माओवादी केन्द्रले साना दलहरूलाई भागबण्डामा मिलाएर गठबन्धन गर्ने तयारी थालेका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेको सिट संख्या घटाउन अनि सत्ता टिकाउन गठबन्धनबीच भागबण्डा हुने लगभग पक्का छ । अर्थात् जनमतका आधारमा नभएर भागबण्डाका आधारमा राष्ट्रियसभा सदस्य निर्वाचित हुनेछन् ।

जबकी राष्ट्रियसभाको कल्पना विज्ञहरूलाई लैजाने हो । प्रतिनिधिसभामा जनताबाट निर्वाचित भएर आउनेहरूको थलो भएकाले त्यहाँ हुनसक्ने कमजोरी सच्याउन दुई सदनात्मक व्यवस्था संविधानले गरेकाले राष्ट्रियसभामा विज्ञहरू नै जानुपर्ने हो । अझ बिगतमा भएका शासकीय अभ्यास हेर्दा पनि राष्ट्रियसभामा विज्ञहरू आउनु जरुरी छ । किनकि सत्ताका निमित्त सरकारले जस्तोसुकै निर्णय गरिदिने अनि राष्ट्रपतिले पनि राजनीतिक पक्षधरता लिएको तितो अनुभव हामीसँग छ । तर यसपटक हुने निर्वाचनबाट पनि विषयविज्ञ र जनाधारका आधार भन्दा पनि राजनीतिक भागबण्डाका आधारमा राष्ट्रियसभा सदस्य चुनिदैछन् । त्यसरी निर्वाचित हुने सांसदहरूले विधेयकको अन्तर्वस्तु बुझ्न नसकिने र राष्ट्रियसभाको गरिमा कमजोर बन्न पुगेको थुप्रै अनुभव हामीसँगै छ । त्यसैले सकेसम्म विषयविज्ञलाई उम्मेदवार बनाउने विवेक राजनीतिक नेतृत्वले देखाउन आवश्यक छ ।

## तपाईंको राशिफल

- मेष : वाहन सावधानी राख्नुहोला । नाता-गोतासँग मनमुटाव रहनेछ ।
- वृष : आध्यात्मिक यात्रा हुने योग छ । वाहन सावधानी राख्नुहोला ।
- मिथुन : धर्मपालनामा रुची देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ ।
- कर्कट : नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ ।
- सिंह : विरोधी सक्रिय रहनेछ । दैनिक आयमा वृद्धि हुनेछ ।
- कन्या : मनोबल उच्च रहनेछ । विद्यार्थीहरुको लागि शुभ समय छ ।
- तुला : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । धैर्य राख्नुहोला ।
- वृश्चिक : पैतृक सम्पत्ति मिल्ने योग छ । पारिवारिक जीवन सुखी रहनेछ ।
- धनु : शान्ति र सुख बढ्नेछ । अनावश्यक जिम्मेवारी नलिनु होला ।
- मकर : आध्यात्मिक यात्रा हुने योग छ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ ।
- कुम्भ : विदेश यात्राको योग छ । आहारमा ध्यान दिनुहोला ।
- मीन : हतारमा कुनै निर्णय नलिनु होला । प्रभावमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# आर्थिक उदारीकरणको बाटोमा

अग्रलेख



● कृष्ण पौडेल

सेवा, वस्तु र पुँजी एउटा देशको पुँजीपतिले अर्को देशमा बेच्नको लागि वा लगानी गर्नको लागि स्वतन्त्ररूपमा दिइनु वा वस्तु बेच्नको लागि स्वतन्त्ररूपमा बजार उपलब्ध गराइनु नै आर्थिक उदारीकरण हो । उदारीकरणका तीन वटा पाटा छन्- बाह्य लगानीलाई स्वतन्त्रता दिइनु, बाह्य उत्पादनलाई बजारमा स्वतन्त्रता दिइनु र बाह्य लगानी र बाह्य उत्पादन दुवैलाई स्वतन्त्रता दिइनु । धेरैजसो देशले तेस्रो पाटोलाई अङ्गालेका छन् । नेपालले पनि तेस्रो पाटो नै अँगालेको छ । तर, लगानीको तुलनामा तयारी वस्तु बेच्नको लागि मात्र नेपालमा बाहिरबाट बढी आउने गरेको पाइन्छ । समग्रमा भन्दा नेपाल विदेशी वस्तुको बजार मात्र बनेको छ ।

आर्थिक वर्ष २०७९-८० को तथ्यांकअनुसार १५७.१४ अरब रुपैयाँ बराबरको वस्तु निर्यात हुँदा १६११.७३ अरब रुपैयाँ बराबरको वस्तु आयात भएको छ । जसमा कुल व्यापार घाटा १४५४.५९ अरब रुपैयाँको छ । यसले के देखाउँछ भने नेपाल देश नभएर वस्तु बेच्ने एउटा बजार मात्र हो ।

दोस्रो विश्वयुद्ध अगाडी साम्राज्यवादी एकाधिकार पुँजीवाद थियो । साम्राज्यवादी देशहरूले विभिन्न अल्पविकसित देशहरूलाई उपनिवेश बनाएर त्यहाँ आफ्ना वस्तु बेचेर पैसा कमाउथे । फरक-फरक साम्राज्यवादी देशहरूका फरक-फरक उपनिवेश थिए । सबैलाई विदितै छ- भारत, म्यानमार, मलेसिया, हङकङ, चीनका कतिपय भूभागलगायत अफ्रिका, क्यानडा आदि पृथ्वीको ठूलो भूभाग बेलायती उपनिवेशअन्तर्गत थियो । भियतनाम, कम्बोडिया लाओस र अफ्रिकी ठूलो भूभाग फ्रान्सेली उपनिवेश थियो । स्पेनले दक्षिण अमेरिकाका धेरै देशमा उपनिवेश कायम गरेको थियो । तत्कालीन समय, अत्यन्त थोरै देश मात्र प्रत्यक्ष उपनिवेश बनेका थिएनन् तर, प्रत्यक्ष उपनिवेश नभएको हाम्रो जस्तो देशको बजार भने साम्राज्यवादीहरूकै कब्जामा थियो । जुन-जुन साम्राज्यवादीका जुन-जुन उपनिवेश थिए ति उपनिवेशहरूमा तिनै-तिनै देशका पुँजीपतिहरूका सामान मात्र बिक्री हुन्थे । वस्तु बेच्ने बजार कब्जा गर्ने हानथापको कारण नै पहिलो र दोस्रो विश्वयुद्ध भएको थियो ।

दोस्रो विश्वयुद्धपछि साम्राज्यवादी देशहरूले नसोचेको परिणाम भोग्नुपऱ्यो । साम्राज्यवादीहरूको टाउको दुखाइको विषय थियो सोभियत समाजवाद । यसले विश्व पुँजीवादलाई नै खतरा पैदा गरिरहेको थियो । विश्वभरिका श्रमिकहरू समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ भन्ने आकंलन गर्न थालेका थिए । यसैले सोभियत समाजवादलाई युद्धमा धकेल्ने र कमजोर बनाएर सिध्याउने दाउमा थिए । तर, परिस्थिति फरक बन्यो । सोभियतहरूले हिटलरको जर्मन साम्राज्यवादीहरूलाई हराए सँगसँगै विश्वभरी चलेका राष्ट्रिय मुक्ति आन्दोलनले तिव्रता पायो । पूर्वी युरोपभर थप सोभियतहरू गठन भयो भने विश्वका अधिकांश देशहरूमा एकपछि अर्को गर्दै उपनिवेशबाट मुक्ति पाउने र स्वतन्त्र हुने लहर चल्यो । यसले साम्राज्यवादी पुँजीपतिहरूलाई ठूलो झड्का दियो । अब पहिले जस्तो एकाधिकारीरूपमा आफ्ना सामान बेच्न नपाउने स्थिति कायम भयो । अधिकांश देशमा प्रजातन्त्र र मानवअधिकार कायम भयो । पहिले जस्तो श्रमिकमाथि चरम शोषण पनि गर्न नसकिने स्थिति रह्यो । दोस्रो विश्वयुद्धबाट सोचेभन्दा विपरित परिणाम निस्केको कारणले साम्राज्यवादी पुँजीपतिहरू मिलेर जाने र मिलेर यसको हल निकाल्ने निधो गरे ।

सन् १९२९ मा अमेरिकाको शेयर मार्केट क्र्याश भएसँगै आर्थिक महामन्दी सुरु भएको थियो । यो महामन्दी निकै भयानक मानिन्छ । यो महामन्दीले अमेरिकाको ग्राहस्थ उत्पादनमा २७% सम्मले गिरावट आएको थियो । तत्कालीन समय अमेरिकाबाट सुरु भएको मन्दीले सारा युरोप र विश्वभरि प्रभाव पारेको थियो । खासमा यो मन्दी हुनुको पछाडिको कारण धेरै नाफा आर्जन गर्ने आकांक्षामा अत्याधिक वस्तु उत्पादन गर्नु थियो । यद्यपि पुँजीपति अर्थशास्त्रीहरू यो कुरा बताउन चाहँदैनन् । अत्याधिक वस्तु उत्पादन भएर बिक्री नहुँदा पुँजीपतिहरूले मजदुरलाई कामबाट निकालिदिए । बैकले पुँजीपतिलाई दिएको ऋृण असुली गर्न सकेनन् र दशौं हजार बैंक बन्द भए । यसबाट पार पाउन अमेरिकाले सन् १९३० मा करको कानुन पास गरेर आयातित वस्तुमा अत्याधिक कर लगायो । क्रमशः अरु देशले पनि यस्तै कानुन बनाउँदै अत्याधिक कर लगाउन सुरु गरे ।

आयातमा लगाइएको करले पनि समस्या सुल्झेन । अत्याधिक कर एकआपसमा थोपर्दा विकसित पुँजीवादी देशहरू बिचमै झन् फाटो पैदा भयो। उपनिवेशको भागबन्डाको फाटो त पहिलेदेखि नै थियो । विकसित देशहरूका मजदुरहरूको ज्याला कटौती ५०% सम्म गरिएको थियो । लाखौं लाखले रोजगार गुमाएका थिए । रुसमा सोभियत समाजवादको अभ्यास भइरहेको थियो । कुनै पनि समयमा अमेरिका र युरोपका मजदुरले पुँजीवादी सत्ताविरूद्ध विद्रोह गर्ने स्थिति पैदा भएको थियो । यही मजदुरबिचमा भित्र-भित्र दन्किरहेको विद्रोहको ज्वालालाई बङ्ग्याउन पुँजीवादी देशहरूले राष्ट्रियताको वकालत गर्न थाले । आयातमा अत्याधिक कर र राष्ट्रिय अर्थतन्त्रको रक्षा गर्ने जस्ता कानुन यसैको लागि ल्याइएको थियो । मजदुर विद्रोहलाई बंग्याउन राष्ट्रवादी नारा दिइयो । यसमा साम्राज्यवादी देशका पुँजीपतिहरू सफल भए । अन्ततः दोस्रो विश्वयुद्ध सुरु भयो । जसको प्रभाव नेपालसम्म पनि परेको देखिन्छ ।




*बहुदल आएपछि जब नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्यो, त्यसले पूर्णरूपमा आर्थिक उदारीकरण र बजार अर्थतन्त्रलाई आत्मसात गऱ्यो । जसले क्रमशः उदारीकरणको नाममा उद्योगधन्दा बेच्ने र बन्द गराउने अभियान चलायो । जसको प्रभाव अहिलेको स्थिति हो ।*

### नेपालमा राजनीतिक परिवर्तन

वि.सं. २००७ मा नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना भयो । २००७ पछि नौ वर्षसम्म नेपालमा लामो संक्रमणकाल रह्यो । नौ वर्षमा ११ वटा सरकार बने । मुलुक निकै अस्थिर रह्यो । यसैको फाइदा उठाउँदै तत्कालिन राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्री वीपीप्रसाद कोइरालालाई अपदस्थ गरेर निरंकुश पञ्चायती व्यवस्था कायम गरे । यसबिचमा पहिलो पञ्च वर्षीय योजना वि.सं. २०१३/१४-२०१८/१९ तय भएको थियो । तर, राजनीतिक उतार-चढावले निश्चित आर्थिक रणनीति तय गर्न सकेको थिएन । यहीबिचमै २०१७ मा महेन्द्रले शासन आफ्नो हातमा लिए । पञ्चायती व्यवस्थाले मिश्रित र योजनागत अर्थनीतिलाई आत्मसात गऱ्यो । यो समय सोभियत समाजवादको उच्चतम् विकासको चरण थियो । धेरै देशहरू उपनिवेशबाट मुक्त भएका थिए र प्रजातन्त्र कायम भएका थिए । उपनिवेशबाट मुक्त देशहरूका सरकार र राजनीतिक पार्टीमा काफी मात्रामा समाजवादी रुझान थियो । कसैले पनि समाजवादको खुलेर बिरोध गर्ने आँट गर्ने अवस्था थिएन । भारतलगायत धेरै देशले मिश्रित र योजनागत अर्थनीति कायम गरिसकेका थिए । नेपालले पनि सोही आर्थिक रणनीति तय गऱ्यो ।

राजनीतिकरूपमा निरंकुश व्यवस्था रहे पनि त्यतिबेलाको शक्ति सन्तुलनको हिसाबले मिश्रित अर्थव्यवस्था लागू भएको थियो । तुलनात्मकरूपमा उदार अर्थव्यवस्थाभन्दा यो उत्तम थियो भन्नेकुरा पहिलो र दोस्रो पञ्चवर्षीय योजनाको तथ्यांकले झल्काइकेको थियो । पहिलो पञ्चवर्षीय योजनाले व्यापारिक र सार्वजनिक संस्थान स्थापनाको नीति बनायो । दोस्रो, तेस्रो र चौथो योजनाले त्यतिबेलाका मुख्य दाता राष्ट्रहरू सोभियत रुस, चीन, नेदरल्याण्ड, अमेरिका आदिको प्रत्यक्ष आर्थिक अनुदान र प्राविधिक सहायतामा सार्वजनिक संस्थान निर्माण, उद्योग निर्माण र सञ्चालन, व्यापारिक संस्थान निर्माण र सञ्चालन गर्ने काम गऱ्यो । सरकारी स्वामित्व रहेका सार्वजनिक संस्थानहरूले सार्वजनिक महत्वका क्षेत्र रेडियो, टेलिकम, यातायात, शिक्षा, स्वास्थ्य, बिमा आदिको जिम्मा लियो । व्यापारिक संस्थानले नाफाभन्दा भिन्न रहेर शुलभ दरमा आधारभूत सामाग्री नुन, तेल, औषधि, औजार सामाग्री, मल, खाद्यान्न आदि बिक्रि-वितरण गर्ने आदिको जिम्मा लियो । सरकारी स्वामित्वका उद्योगले भौतिक विकास र पूर्वाधार अनि निर्यातजन्य उद्योगहरू कागज, जुट, चिनी, छाला, सिमेन्ट, चुरोट, फलाम र खनिजजन्य उद्योग आदि स्थापना गरी वस्तु उत्पादन गर्न सुरु गरे । यसलाई निश्चित रणनीतिक योजना बनाएर सञ्चालन गरियो । पहिलो पञ्चवर्षीय योजना २०१३/१४-२०१८/१९ देखि चौथो २०२७-२०३२ सम्म यसले यसले राम्रो काम गरेको देखिन्छ । यसबिचमा ६१ वटा उद्योग तथा सार्वजनिक संस्थान स्थापना भएको देखिन्छ । राष्ट्रिय योजना आयोगको तथ्यांकअनुसार सबैभन्दा बढी छैटौं र सातौं पञ्चवर्षीय योजनाको बिचमा धेरै निर्माण भएको देखिन्छ र त्यसपछि घट्दै गएको छ ।

### उदारीकरणको नीतिमा प्रवेश

नेपालमा सार्वजनिक र राष्ट्रिय स्वामिस्वका उद्योग स्थापना हुनुमा खास गरेर तत्कालीन सोभियत समाजवाद र जनवादी गणतन्त्र चीनको हात रह्यो । नेपाल जस्तो अल्पविकसित मुलुक छिटो-छिटो उद्योग र विकासमा फड्को मारेको थियो । मानिसहरूलाई लाग्न सक्छ त्यो बेला निरंकुश व्यवस्था थियो । राजाको प्रत्यक्ष शासन भएकोले सम्भव भयो । त्यस्तो होइन, त्यतिबेला राजनीतिक र न्याय व्यवस्थामा धेरै समस्या थियो । चौथो पञ्चवर्षीय योजनासम्ममा नेपाल अल्पविकसितबाट विकासोन्मुख दिशातिर अघि बढेको थियो । यो हुनुमा योजनागत अर्थतन्त्रले काम गरेको थियो भने समाजवादी महाशक्ति राष्ट्र रुस र चीन जस्ताको सहयोग मिलेको थियो । यही कुराबाट अमेरिका र पश्चिमा साम्राज्यवादी देशहरू अत्तालिएका थिए । उनीहरूले यही योजनागत अर्थतन्त्रलाई तोड्न योजना पहिल्यै बनाएका थिए । जसमा अन्तराष्ट्रिय मुद्राकोष र विश्वबैंकले काम गरेको थियो ।

नेपाल वि.सं. २०१९ मै आइएमएफको सदस्य बनिसकेको थियो । आइएमएफले पनि योजनाबद्ध र समाजवादी मिश्रित अर्थव्यवस्था भएका मुलुकलाई योजनाबद्ध प्रकारले नै उदार अर्थव्यवस्था कायम गराउन लागेको थियो । आइएमएफले सबैभन्दा पहिला अल्पविकसित मुलुकहरूको लागि भनेर ति मुलुकलाई लोभ्याउन तिनिहरूको लागि मात्र भनेर एउटा योजना ल्याए । यसका पक्षधर अर्थशास्त्रीहरूले संरचनागत सुधार कार्यक्रम भनेर यसको पक्षपोषण हुनेगरी शब्दहरू छनोट गर्छन् । तर जेसुकै भने पनि पहिले अलिकति आर्थिक अनुदान दिने र योजनागत अर्थनीतिलाई भङ्ग गराउने, सरकारी स्वामिस्वमा रहेका सार्वजनिक संस्थानहरूलाई पहिलो चरणमा 'प्यारालाइज' गराउने, दोस्रो चरणमा सार्वजनिक संस्थान र उद्योगहरूको व्यवस्थापनको विरुद्ध जनमत तयार गर्ने, तेस्रो चरणमा बिक्री र लिलामी गर्ने, चौथो चरणमा विभिन्न कारण देखाएर बन्द गराउने । अर्को जुन उद्योगहरू बिक्न सक्दैनन् वा निजी मालिकले चलाउने हिम्मत गर्दैनन् वा धेरै नाफा हुँदैन ति संस्थान र उद्योगहरूको व्यवस्थापन लथालिङ्ग बनाउने र प्यारालाइज बनाएर थन्क्याउने । हामीले सूक्ष्म रूपमा अध्ययन गऱ्यौं भने आइएमएफबाट आएका कार्यक्रमहरू सरकारी नेतृत्व र सार्वजनिक संस्थान र उद्योग व्यवस्थापकलाई किन्नको लागि बनाइएको थियो । यसको सुरुवात २०१९ बाट नै भएको थियो । यसले २०२८ को शिक्षा नीति बनाउनको लागि पनि काम गरेको थियो । केही मानिसहरूले नेपालको सरकारी स्वामित्वका संस्थान र उद्योग ध्वस्त हुनुमा ०४६ पछिका सरकार र पार्टीहरूलाई दोष दिन्छन् । तर, त्यो सत्य होइन । नेपालमा राजाको पञ्चायती कालमै जिएटीटीअन्तर्गत रहेर आइएमएफ, विश्व बैंक र पश्चिमा आइएनजिओ र मिसिनरीहरूले मसिनो गरी काम गरिरहेका थिए ।

खास गरेर २०२८ पछि देशमा भ्रष्टाचार बढेर गएको थियो । २०३५-३६ पछि त्यसले चरम रूप लिएको थियो । संस्थान र उद्योग व्यवस्थापनमा नातागोता र आसेपासेले स्वत नियुक्ति पाउँथे । कर्मचारी नियुक्तिमा चरम भ्रष्टाचार थियो । सरकारले नियन्त्रण गरिरहेको थिएन । व्यापारिक संस्थानको हालत त अझ दर्दनाक थियो । राजनीतिकर्मीको लागि दुहुनु गाई भएको थियो । भित्र-भित्र निजीकरण गर्ने योजना निश्चित छ भन्ने भएर पनि कमाउन सक्ने जतिले कमाउने मात्र ध्याउन्नमा लागेका थिए । यही देखेर पनि सर्वसाधारण पनि दिक्क थिए ।

नेपालमा पञ्चायती व्यवस्था ढलेर पुनः संवैधानिक राजतन्त्र कायम भयो । उता सोभियत रुस विघटन भयो । जुन नेपालको योजनाबद्ध अर्थनीतिको सहयोगी थियो । वि.सं २०४७ मा नेपाली कांग्रेस नेतृत्वको सरकार बन्यो । यो सरकारले पूर्णरूपमा आर्थिक उदारीकरण र बजार अर्थतन्त्रलाई आत्मसात गऱ्यो । यो सरकारले सरकारी स्वामित्वका संस्थान र उद्योगहरू अध्ययनको लागि भनेर कार्यदल बनायो । त्यतिबेला भृकुटी कागज कारखानालगायत धेरै उद्योगको अध्ययन गरेर प्रतिवेदन सार्वजनिक गऱ्यो । सो प्रतिवेदनले उद्योगहरुको स्थिति नाजुक रहेको र प्रगति राम्रो नभएको र ऋृणात्मक रहेको भन्ने ठहर गऱ्यो । अन्ततः सरकारी स्वामित्वका उद्योग लिलामीमा राखियो । विराटनगरको जुटमिल जसले उत्पादन गरेको वस्तुमध्ये ५७.३% वस्तु निर्यात गर्थ्यो । वीरगञ्ज चिनी मिल सोभिएत रुसको सहयोगमा बनेको थियो । जसले दिनको १००० टन उखु पेल्थ्यो र चिनी उत्पादन गर्थ्यो । जनकपुर चुरोट कारखाना जसले दुई अरब खिल्ली चुरोट बनाउँथो । चीनको सहयोगमा निर्माण भएका सिमेन्ट कारखाना ५० हजार टन सिमेन्ट उत्पादन गर्थ्यो । बाँसबारी छालाजुत्ता कारखाना ३० हजार जोर वार्षिक जुत्ता तयार गर्थे । उल्लेखित उद्योग कौडीको भाउमा बेचियो वा बन्द गराइयो । यसरी योजनाबद्ध ढंगले आर्थिक नीतिमा परिवर्तन गरेर उद्योग र संस्थानहरू निजीकरण गर्ने, बन्द गर्ने वा रुग्ण गराउने काममा साम्राज्यवादी पुँजीपतिहरू सफल भए ।

# प्रणाली होइन, पद्धति फेरौं

विचार



● बिदुर दाहाल

